# दशौं राष्ट्रिय खेलकुद छनोट, बन्द प्रशिक्षण तथा सहभागिता सम्बन्धी कार्यविधि, २०८३

बागमती प्रदेश सरकार

## स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश, हेटौंडा

# दशौं राष्ट्रिय खेलकुद छनोट, बन्द प्रशिक्षण तथा सहभागिता सम्बन्धी कार्यविधि, २०८३

**प्रस्तावनाः** दशौं राष्ट्रिय खेलकुद, २०८३ मा प्रदेशबाट खेलाडीको छनोट, बन्द प्रशिक्षण सञ्चालन तथा सहभागितालाई व्यवस्थित र प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

प्रदेश विनियोजन ऐन, २०८३ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "दशौं राष्ट्रिय खेलकुद छनोट, बन्द प्रशिक्षण तथा सहभागिता सम्बन्धी कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले प्रदेश खेलकुद विकास ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "छनोट" भन्नाले खेलाडीको जिल्लास्तरबाट छनोट हुँदै प्रदेशबाट हुने छनोट तथा सिधै (खुला) प्रदेश छनोट प्रतियोगितालाई सम्झनु पर्छ।

(ग) "नियमावली" भन्नाले प्रदेश खेलकुद विकास नियमावली, २०७६ सम्झनु पर्छ।

(घ) "परिषद्" भन्नाले प्रदेश खेलकुद विकास परिषद् सम्झनु पर्छ।

(ङ) "प्रदेश खेलाडी छनोट तथा व्यवस्थापन समिति" भन्नाले कार्यविधिको दफा ११ बमोजिम गठन भएको समिति सम्झनु पर्छ।

(च) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(छ) "प्रशिक्षक" भन्नाले विभिन्न खेलका खेलाडीलाई प्रशिक्षण गर्न खटाएको व्यक्ति सम्झनु पर्छ।

(ज) "प्राविधिक उपसमिति" भन्नाले कार्यविधिको दफा १४ बमोजिम गठन भएको उपसमिति सम्झनु पर्छ।

(झ) "बन्द प्रशिक्षण" भन्नाले प्रदेश छनोटमा परेका खेलाडीलाई परिषद्को खर्चमा प्रतियोगितामा सहभागी हुनुभन्दा अगाडिसम्म प्रदान गरिने प्रशिक्षण, प्रोत्साहन कक्षा, शारीरिक तन्दुरूस्ती तथा रिफ्रेसमेन्ट कार्यक्रमलाई सम्झनु पर्छ।

(ञ) "मन्त्रालय" भन्नाले खेलकुद सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ट) "राष्ट्रिय खेलकुद प्रतियोगिता" भन्नाले दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता-२०८३ लाई सम्झनुपर्छ ।

(ठ) "व्यवस्थापक" भन्नाले राष्ट्रिय खेलमा सहभागिता हुने विभिन्न खेलका विधागत कार्यक्षेत्रगत व्यवस्थापन गर्न परिषद्ले खटाएको पदाधिकारी सम्झनु पर्छ।

(ड) "सदस्य" भन्नाले परिषद्को सदस्यलाई सम्झनु पर्छ।

(ढ) "सदस्य-सचिव" भन्नाले परिषद्को सदस्य-सचिवलाई सम्झनु पर्छ।

(ण) "सहभागिता" भन्नाले दशौं राष्ट्रिय खेलकुदका लागि छनोट, सहभागिता र बन्द प्रशिक्षण कार्यक्रममा समावेश भएको सहभागी सम्झनु पर्छ।

## परिच्छेद-२

## उद्देश्य

३. उद्देश्यः यस कार्यविधिका उद्देश्य देहाय बमोजिम रहेका छन्:-

(क) राष्ट्रिय खेलकुद प्रतियोगितामा बागमती प्रदेशको सहभागितालाई व्यवस्थित र प्रभावकारी बनाउनु,

(ख) राष्ट्रिय खेलकुद प्रतियोगितामा खेलाडीको छनोट गर्दा स्वतन्त्र, निष्पक्ष र क्षमताको आधारमा त्रुटि रहित खेलाडी छनोट गर्नु,

(ग) राष्ट्रिय खेलकुद प्रतियोगितामा प्रदेशबाट सम्मानजनक र उत्कृष्ट प्रदर्शन गर्ने गरी खेलाडी छनोट गर्नु,

(घ) राष्ट्रिय खेलकुद प्रतियोगितामा प्रदेशको तर्फबाट सहभागिता जनाउँदा त्रुटि रहित व्यवस्थापन गर्नु,

(ङ) राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुने खेलाडी र प्रशिक्षकलाई समन्वय, उत्प्रेरणा र हौसला प्रदान गर्दै उच्च मनोबलका साथ खेलकुद मैदानमा सहभागी गराउने गरी आवश्यक वातावरण तयार गर्नु।

## परिच्छेद-३

## खेल तथा खेलाडी छनोट र प्रतियोगिताको स्वरुप

४. छनोट प्रतियोगिताको स्वरुपः खेल तथा खेलाडी छनोटको स्वरुप देहाय बमोजिम हुनेछः-

(क) जिल्लास्तरीय प्रतिस्पर्धामा कराते, तेक्वान्दो, एथ्लेटिक्स, उसु, आईटिएफ तेक्वान्दो, जुडो, टेबल टेनिस, फुलकन्ट्याक्ट कराते, बुद्धिचाल, फुटबल, भलिबल र ब्याडमिन्टन गरी बाह्र खेलमा जिल्ला हुदै प्रदेशस्तरीय छनोटका लागि जिल्लालाई खेलाडी कोटा निर्धारण गरी छनोट गरिनेछ।

(ख) खुलाबाट प्रदेशस्तरीय छनोट प्रतियोगितामा तेस्रो बागमती प्रदेश खेलकुद प्रतियोगिता-२०८३ मा प्रथम, द्वितीय र तृतीय स्थान हाँसिल गरेका खेलाडी, राष्ट्रिय वा अन्तर्राष्ट्रिय खेल प्रतियोगितामा पदक प्राप्त खेलाडी, सम्बन्धित खेल संघले आर्थिक वर्ष ०८३/८४ मा राष्ट्रिय प्रतियोगिता आयोजना गर्दा स्वर्ण/रजत पदक प्राप्त खेलाडी, सम्बन्धित खेल संघले प्रतिभावान खेलाडी पहिचान गरी सिफारिस गरेका खेलाडी, राष्ट्रपति रनिङ शिल्ड-२०८३ मा स्वर्ण पदक विजेता खेलाडी तथा विभागीय टिमको करार सम्झौता अन्त्य गरी आएका खेलाडी बीचमा प्रतिस्पर्धा गराई राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी सम्पूर्ण खेलको लागि सिधै छनोट गर्न सकिनेछ।

(ग) खण्ड (क) मा जुनसुकै कुरा उल्लेख भएपनि समय र परिस्थितिलाई मध्यनजर गरी खण्ड (ख) बमोजिम खुलाबाट प्रदेशस्तरीय छनोट प्रतियोगिताबाट खेलाडी छनोट गर्न सकिनेछ ।

५. <u>जिल्ला प्रतियोगिताः</u> (१) जिल्लामा आयोजना हुने खेलको सञ्चालन तथा व्यवस्थापन सम्बन्धित जिल्ला खेलकुद विकास समितिबाट हुनेछ।

(२) जिल्लास्तरमा प्रतियोगिता सञ्चालन गर्दा सम्बन्धित जिल्लाको परिषद् सदस्यसँग आवश्यक समन्वय गरी कार्य गर्नु पर्नेछ।

(३) जिल्ला प्रतियोगिता सञ्चालनार्थ खेल संख्या र खेलाडी सहभागिताको आधारमा परिषद्ले राष्ट्रिय खेलकुद प्रतियोगिताको शीर्षकबाट जिल्ला खेलकुद विकास समितिमा रकम उपलब्ध गराउने छ। जिल्ला छनोटका क्रममा बजेट अपुग भएमा जिल्ला खेलकुद विकास समितिले अतिरिक्त क्रियाकलाप अन्तर्गत उपलब्ध गराएको बजेटबाट समेत प्रतियोगिता सञ्चालन गर्न सक्नेछन्।

(४) उपदफा (३) बमोजिमको अनुदान रकम जिल्ला खेलकुद विकास समितिले देहायका विषयमा मापदण्डभित्र रही खर्च गर्नु पर्नेछः-

(क) खेल सामग्री,

(ख) खेल मैदान मर्मत तथा भाडा,

(ग) निर्णायक तथा अफिसियल भत्ता,

(घ) खेल पोसाक,

(ङ) बन्द प्रशिक्षण,

(च) चिया/खाजा/यातायात,

(छ) खाजा तथा अतिथि सत्कार,

(ज) बैठक भत्ता, मसलन्द, सञ्चार, इन्धन।



ना. गिर बहादुर तामाङ
मन्त्री

(५) जिल्ला प्रतियोगितामा सहभागी भएका टिम, खेलतर्फ विजयी टिमका साथै सहभागी अन्य टिमका प्रतिभाशाली खेलाडी तथा व्यक्तिगत प्रतिस्पर्धातर्फका विजयी खेलाडी समेतलाई समावेश गरी उत्कृष्टताको आधारमा जिल्ला टिम तयार गरी प्रदेश प्रतियोगितामा सहभागी गराउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको खेलाडीको टिम तयार गर्न प्रत्येक जिल्लामा लागि देहाय बमोजिमको खेलाडी छनोट समिति रहनेछः-

(क) अध्यक्ष, जिल्ला खेलकुद विकास समिति -संयोजक

(ख) संयोजकद्वारा मनोनीत सम्बन्धित खेलको सिनियर प्रशिक्षक एक जना -सदस्य

(ग) जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख - सचिव

(७) जिल्लास्तरीय प्रतियोगितास्थलको छनोट सम्बन्धित जिल्ला खेलकुद विकास समितिले गर्नेछ।

६. <u>प्रदेश छनोट प्रतियोगिताः</u> (१)प्रदेशबाट सिधै छनोट हुने खेलको सञ्चालन तथा व्यवस्थापनको लागि परिषद्ले खेलाडी छनोट समिति गठन गर्नेछ।

(२) प्रदेशस्तरमा छनोट प्रतियोगिता सञ्चालन गर्दा प्राविधिक उपसमितिसँग आवश्यक समन्वय गरी खेलस्थल र खेलतालिका निर्धारण गरी गर्नु पर्नेछ।

७. <u>प्रतियोगिता सञ्चालन समयसीमा र टिम छनोटः</u> (१) प्रदेश खेलाडी छनोट समितिले प्रतियोगितामा समावेश हुने खेलको खेलस्थल र खेलतालिका प्राविधिक उपसमितिसँग आवश्यक समन्वय गरी निर्धारण गर्नेछ।

(२) जिल्ला हुदै प्रदेश प्रतियोगिताका लागि हुने खेलको खेलस्थल र खेलतालिका जिल्ला खेलकुद विकास समिति आफैले तोक्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रदेश छनोटको समय, खेलस्थल, प्राविधिक समिति तथा सम्बन्धित खेल संघको राय समेतका आधारमा परिषद्ले तोक्नेछ ।

८. <u>खेलाडी दर्ताः</u> जिल्ला तथा प्रदेश खेलकुद प्रतियोगितामा सहभागी हुने खेलाडीको नाम दर्ताका लागि समितिले तोकेको मितिभित्र अनुसूची-१ बमोजिमको जिल्ला खेलकुद विकास समितिबाट उपलब्ध गराएको दर्ता फाराम भरी जिल्ला प्रतियोगितामा सहभागी हुनेको हकमा जिल्ला खेलकुद विकास समितिलाई र प्रदेश प्रतियोगितामा सहभागी हुनेको हकमा जिल्ला खेलकुद विकास समितिमार्फत परिषद्लाई उपलब्ध गराउनु पर्नेछ।

तर कुनै खेलाडी अन्तर्राष्ट्रियस्तरमा ख्याती प्राप्त तथा राष्ट्रिय प्रतियोगितामा पदक जित्न सक्ने सम्भावना देखिएमा प्रदेश खेलाडी छनोट तथा व्यवस्थापन समितिले परिषद्मा फाराम दर्ता गराई सोझै टिममा समावेश गराउन सक्नेछ।

९. <u>अनुगमन समितिः</u> प्रदेशस्तरीय प्रतियोगिता अनुगमन गर्न देहाय बमोजिमको समिति गठन गरिनेछः-

(क) मन्त्री, मन्त्रालय -अध्यक्ष

(ख) सचिव, मन्त्रालय -सदस्य

(ग) सदस्य-सचिव, परिषद् -सदस्य सचिव

१०. <u>अनुगमन समितिको काम, कर्तव्य र अधिकारः</u> अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) छनोट प्रतियोगिताको समग्र अनुगमन तथा निरीक्षण गर्ने,

(ख) छनोट प्रतियोगितालाई व्यवस्थित ढङ्गले सञ्चालन गर्नका लागि समितिलाई निर्देशन दिने,

(ग) राष्ट्रिय खेलकुद प्रतियोगितालाई थप व्यवस्थित, प्रभावकारी र नतिजामूलक बनाउन समिति तथा उपसमितिलाई निर्देशन दिने,

(घ) प्रतियोगिता आयोजनाको सन्दर्भमा प्रदेश अन्तर्गतका निकाय तथा स्थानीय तहसँग समन्वयको लागि सहजीकरण गर्ने।

११. <u>प्रदेश खेलाडी छनोट तथा व्यवस्थापन समितिः</u> (१) प्रदेशस्तरीय खेलकुद प्रतियोगिताको सञ्चालन तथा व्यवस्थापन, भौतिक पूर्वाधार, प्रशिक्षण, प्रतियोगिताको स्वरूप, प्रोत्साहन, पुरस्कार तथा अन्य पक्षको व्यवस्थापन गर्न देहायको समिति रहनेछः-

(क) सदस्य सचिव, परिषद् -संयोजक

(ख) अधिकृत प्रतिनिधि, मन्त्रालय -सदस्य

(ग) संयोजकले तोकेको सम्बन्धित खेल संघको प्रतिनिधि एक जना -सदस्य

(घ) संयोजकले तोकेको सम्बन्धित खेलको प्रशिक्षक एक जना -सदस्य

(ङ) तालिम, प्रतियोगिता तथा खेलकुद शाखा प्रमुख, परिषद् -सचिव

१२. <u>प्रदेश खेलाडी छनोट तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u> यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतियोगिताको स्थान र समय निर्धारण गर्ने,

(ख) राष्ट्रिय खेलकुद परिषद् मातहतका खेल पूर्वाधार उपलब्ध गराउन आवश्यक समन्वय गरी प्रयोग गर्ने,

(ग) आवश्यकता अनुसार सम्बन्धित खेल संघ वा प्रतिनिधिको सिफारिसमा सम्बन्धित खेलाडी, विज्ञ वा प्राविधिकको सल्लाह र समन्वयमा खेलाडीलाई बन्द प्रशिक्षणमा राख्ने,

(घ) प्रतियोगितामा सहभागी हुने प्रत्येक खेलका लागि कोच तथा व्यवस्थापक निर्धारण गर्ने,

(ङ) प्रतियोगिता सञ्चालनका लागि प्राविधिक उपसमितिको सिफारिसमा निर्णायक छनोट गर्ने,

(च) स्वीकृत बजेटको परिधिभित्र रही प्रतियोगिता सम्पन्न गर्नका लागि शीर्षकगत बजेट बाँडफाँट गरी खर्च गर्ने,

(छ) प्रतियोगिता सफलतापूर्बक सम्पन्न गर्न आवश्यकता अनुसार निश्चित समयका लागि प्राविधिक उपसमितिको सिफारिसमा स्वयंसेवक परिचालन गर्ने,

(ज) प्रतियोगितामा सहभागी हुने खेलाडी छनौट सम्बन्धी कार्य गर्ने,

(झ) परिषद्ले तोकेका एवं प्रतियोगितासँग सम्बन्धित अन्य भैपरी आउने कार्य गर्ने।

१३. <u>प्रदेश खेलाडी छनोट तथा व्यवस्थापन समितिको बैठकः</u> समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ। समितिले बैठक बसेबापत नियमानुसार बैठक भत्ता पाउनेछ।

१४. <u>प्राविधिक उपसमितिः</u> (१) प्रदेश छनोट प्रतियोगिता सहज तथा व्यवस्थित ढङ्गले सञ्चालन गर्न समितिले आफू अन्तर्गत रहने गरी कार्यक्षेत्र र सर्त तोकी प्रदेश छनोट प्रतियोगितामा समावेश भएका प्रत्येक खेलको लागि सदस्य सचिवद्वारा मनोनित देहाय बमोजिमको ३ (तीन) सदस्यीय प्राविधिक उपसमिति गठन गर्न सक्नेछः -

(क) सम्बन्धित खेलको विज्ञ वा खेल संघको पदाधिकारी -संयोजक

(ख) सम्बन्धित खेलको अन्तर्राष्ट्रिय/राष्ट्रिय निर्णायक -सदस्य

(ग) खेल प्राविधिक/विज्ञ मध्येबाट एक जना -सदस्य

(२) उपसमितिको संयोजक तथा सदस्यलाई काम, कर्तव्य तथा अधिकार सहितको मनोनयन पत्र प्रदान गरिनेछ।

(३) उपसमितिले आफ्नो कार्यक्षेत्र अन्तर्गत रहेर गरेका निर्णय एवम् कार्यको प्रतिवेदन प्रदेश खेलाडी छनोट तथा व्यवस्थापन समितिमा पेश गर्नु पर्नेछ।

१५. <u>प्राविधिक उपसमितिको काम, कर्तव्य र अधिकारः</u> (१) प्राविधिक उपसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतियोगिताको क्रममा खेल सम्बन्धी विवाद आएमा समाधान गर्ने,

(ख) समितिलाई खेल तथा प्रतियोगिता सम्बन्धी राय सुझाव दिने,

(ग) खेलाडी तथा प्राविधिक कोटा निर्धारण गरी समितिलाई सिफारिस गर्ने,

(घ) रेफ्रि तथा निर्णायकको परिचय पत्र यकिन गरी संख्या सिफारिस गर्ने,

(ङ) खेल सामग्री, स्टेशनरी तथा स्वास्थ्यकर्मीको यकिन गरी माग गर्ने

(च) प्राविधिक उपसमिति तथा मुख्य निर्णायकले प्रमाणित गरेको रिजल्ट सहितको खेलतालिका तयार गर्नु पर्ने,

(छ) खेलाडी छनोट उपसमितिसँग समन्वय गरी छनोट भएका खेलाडीको नाम पठाउँदा जिल्ला र इभेन्ट खुल्ने हुनुपर्ने,

(ज) खेलाडी दर्ता फाराम सहितको विवरण अनिवार्य रुपमा परिषद्मा उपलब्ध गराउनु पर्ने,

(झ) फोटो सहितको खेल अवधिको प्रतिवेदन पेश गर्नुपर्ने ।

(२) उल्लेखित व्यवस्थापनका कार्यहरु प्राविधिक उपसमितिले बढीमा ५(पाँच) वटा बैठकबाट निर्णय गराउनु पर्नेछ।

## परिच्छेद- ४

## बन्द प्रशिक्षण सम्बन्धी व्यवस्था

१६. **बन्द प्रशिक्षणमा रहने खेलाडी:** प्रदेश खेलाडी छनोट प्रतियोगिताबाट अन्तिम छनोटमा परेका खेलाडीलाई राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुनु भन्दा अगाडि आवश्यकता अनुसार सात दिनदेखि चालीस दिनसम्म बन्द प्रशिक्षणमा राखिनेछ। बन्द प्रशिक्षणमा रहेका खेलाडीलाई परिषद्ले तोकिए बमोजिमको दैनिक भत्ता उपलब्ध गराउने वा होटल बासको व्यवस्था मिलाउन सक्नेछ।

१७. **बन्द प्रशिक्षणमा रहने समय र स्थान:** परिषद्ले खेलको प्रकृति र खेलस्थलको पर्याप्तताका साथै सम्बन्धित खेलको प्रशिक्षकको उपलव्धताको आधारमा बन्द प्रशिक्षण राख्ने समय तथा स्थान निर्धारण गर्नेछ।

१८. **बन्द प्रशिक्षण गतिविधि:** बन्द प्रशिक्षणमा रहने खेलाडी नियमित रूपमा सम्बन्धित खेलको अभ्यास तथा प्रशिक्षण क्रियाकलापमा सहभागी हुनुपर्नेछ। अभ्यास र प्रशिक्षणका अलावा खेलाडीलाई शारीरिक रूपमा तन्दुरूस्ती राख्ने तथा रिफ्रेसमेन्ट लगायतका क्रियाकलापमा सहभागी गराउन सकिनेछ।

## परिच्छेद- ५

## आर्थिक व्यवस्थापन

१९. **रकम निकासा तथा खर्च:** प्रदेश छनोट प्रतियोगिताका सहभागी खेलाडी, प्रशिक्षक र निर्णायकको भत्ता तथा बन्द प्रशिक्षण लगायत अन्य शीर्षकमा रकम खर्च लेख्दा देहाय बमोजिम गर्नुपर्नेछः-



मा. गिर बहादुर ...
मन्त्री

(क) जिल्ला प्रतियोगिताको हकमा जिल्ला खेलकुद विकास समितिको स्वीकृति लिई खर्च गर्नु पर्नेछ।

(ख) प्रदेश खेलकुद प्रतियोगिताको हकमा सदस्य सचिव वा निजले अधिकार प्रत्यायोजन गरेको पदाधिकारी वा कर्मचारीको स्वीकृति लिई खर्च गर्नु पर्नेछ।

(ग) जिल्ला प्रतियोगिता सञ्चालनका लागि आवश्यक स्वीकृत बजेट प्रदेश खेलाडी छनोट तथा व्यवस्थापन समितिको सिफारिसमा परिषद्ले सम्बन्धित जिल्लालाई उपलब्ध गराउनेछ।

(घ) प्रतियोगिताका लागि छनोट भएका खेलाडी, प्रशिक्षक, अफिसियल र व्यवस्थापकलाई परिषद्बाट रू.१०,०००/- (दश हजार) बराबरको स्पोर्टस किट्स वा सो बराबरको नगद उपलब्ध गराईनेछ।

(ङ) प्रतियोगिताका लागि निकासा भएको रकमको बिल भरपाई राष्ट्रिय खेलकुद प्रतियोगिता समाप्त भएको मितिले ३५(पैंतीस) दिनभित्र सम्बन्धित जिल्लाको हकमा फछर्यौट गर्ने, गराउने जिम्मा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष र कार्यालय प्रमुखको हुनेछ। प्रदेशको हकमा राष्ट्रिय खेलकुद प्रतियोगिता समाप्त भएको मितिले ९० (नब्बे) दिनभित्र पेश्की फछर्यौट गर्ने गराउने जिम्मा सदस्य-सचिव वा निजले तोकेको पदाधिकारीको हुनेछ।

(च) प्रतियोगिता सञ्चालन गर्दा सम्बन्धित बजेट शीर्षकभित्र रही खर्च गर्नु पर्नेछ।

तर कुनै कारणवंश बजेट शीर्षकभित्रको कुनै उपशीर्षकमा बजेट नपुग भई खर्च नगरी नहुने अवस्था आइपरेमा अन्य उपशीर्षकमा भएको बचत रकमबाट प्रदेश खेलाडी छनोट तथा व्यवस्थापन समितिको बैठकबाट बजेट थपघट गरी खर्च लेख्न सकिनेछ।

(छ) प्रतियोगिता अवधिभित्र कुनै आकस्मिक घटना भई प्रतियोगिताका लागि छुट्याइएको रकम नपुग भई कार्य गर्न नसकिने अवस्था भएमा प्रदेश खेलाडी छनोट तथा व्यवस्थापन समितिले निर्णय गरी परिषद् समक्ष थप रकमका लागि अनुरोध गर्नु पर्नेछ। घटनाको कारण र औचित्यता विश्लेषण गरी परिषद्ले उचित रकम निकासा दिन सक्नेछ।

२०. <u>भत्ता तथा अन्य सुविधाः</u> (१) प्रदेशस्तरीय प्रतियोगितामा सहभागी हुने खेलाडी, प्रशिक्षक, टिम मेनेजर, निर्णायक र पदाधिकारीलाई दफा २१ बमोजिमको खर्चको मापदण्ड अनुसारको दैनिक भत्ता तथा सुविधा उपलब्ध गराइनेछ।

(२) प्रदेश छनोट प्रतियोगिता तथा वन्द प्रशिक्षण अनुगमन गर्नेलाई प्रचलित कानून बमोजिम दैनिक भत्ता दिइनेछ।



मा. गिर बहादुर तामाङ
मन्त्री

(३) सिधै प्रदेश छनोट प्रतियोगितामा सहभागी खेलाडीलाई प्रतिदिन रू.१०००/- बराबरको चिया-खानाको व्यवस्था परिषद्ले गर्नेछ। सहभागी खेलाडीको हकमा नियमानुसारको आवत-जावत यातायात खर्च उपलब्ध गराईनेछ ।

तर बन्द प्रशिक्षणका लागि छनोटमा परेका खेलाडीलाई प्रतियोगिता शुरु हुनुभन्दा एक दिन अगाडी र एक दिन पछाडी समेतको दैनिक तथा भ्रमण भत्ता नियमानुसार उपलव्ध गराइनेछ।

(४) कुनै पनि सहभागीलाई दोहोरो पर्ने गरी दैनिक भत्ता दिइने छैन।

(५) प्रदेश छनोट प्रतियोगिताको लागि आवश्यक खरिदसम्बन्धी कार्य प्रचलित सार्वजनिक खरिद ऐन, नियम बमोजिम नै गर्नु पर्नेछ।

(६) प्रदेश छनोट प्रतियोगिताको लागि आवश्यक खर्च सम्बन्धी कारोवार परिषद्का कर्मचारीले पेश्की लिई आवश्यक व्यवस्थापकीय तथा भत्ता वितरण सम्बन्धी कार्य गर्न सक्नेछ।

२१. <u>खर्चको मापदण्डः</u> (१) प्रशिक्षक परिचालन अन्तर्गत एक जिल्लाबाट अर्को जिल्लामा खेलाडीलाई प्रशिक्षण दिन जाँदा स्वीकृत भ्रमण आदेशका आधारमा प्रचलित नियमानुसार दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराइनेछ।

(२) प्रदेश छनोट प्रतियोगिता पश्चात बन्द प्रशिक्षणमा समावेश हुने खेलाडी, व्यवस्थापक, निर्णायक र प्रशिक्षकलाई खाना, खाजा र बसोबास बापत दैनिक रु.२०००/- का दरले रकम उपलब्ध गराइनेछ।

(३) प्रदेश छनोट प्रतियोगितामा निर्णायक भई काम गर्ने अन्तर्राष्ट्रिय निर्णायकलाई काम गरेको दिनको निर्णायक भत्ता रु.१५००/- र अन्य निर्णायकलाई रु.१२००/- उपलब्ध गराइनेछ।

(४) पुरस्कार बाहेकका सबै शीर्षकमा नियमानुसारको करकट्टी गरी रकम उपलब्ध गराईने छ।

(५) अनुगमन निरीक्षणमा जाने पदाधिकारी तथा कर्मचारीलाई स्वीकृत भ्रमण आदेशका आधारमा कानून बमोजिम दैनिक तथा भ्रमण खर्च उपलब्ध गराइनेछ।

(६) प्रदेश छनोट प्रतियोगिताका लागि गठित प्रदेश खेलाडी छनोट तथा व्यवस्थापन समिति र प्राविधिक उपसमितिका पदाधिकारीले नियमानुसार बैठक भत्ता पाउनेछन्।

(७) प्रतियोगिताको दौरानमा कार्यालय समयका अतिरिक्त ३ (तीन) घण्टाभन्दा बढी खटिई काम गर्ने पदाधिकारी तथा कर्मचारीलाई प्रतिदिन रु.४००/- र सार्वजनिक विदामा खटिई काम गर्ने पदाधिकारी तथा कर्मचारीलाई प्रतिदिन रु. ६००/- का दरले हाजिरीको आधारमा रकम उपलब्ध गराइनेछ।

(८) प्रदेश छनोट प्रतियोगिताका लागि आयोजनास्थलमा स्वयंसेवक आवश्यक भएको व्यहोरा प्राविधिक उपसमितिबाट निर्णय भई आएमा प्रतियोगिता समाप्त भएको भोलिपल्टदेखि स्वतः नरहने



मा. गिर बहादुर तामाङ
मन्त्री

गरी परिषद्ले स्वयंसेवकको रुपमा प्रत्येक खेलमा प्रतिदिन ५ देखि २० जनासम्म स्वयंसेवक परिचालन गर्न सक्नेछ। त्यस्तो स्वयंसेवकलाई काम गरेको दिनको लागि खाजा, खाना बापत प्रतिदिन प्रतिव्यक्ति रु.१२००/- उपलब्ध गराइनेछ।

तर यसरी स्वयंसेवक परिचालन गर्दा स्वीकृत लागत अनुमानमा उल्लेख भएको संख्या भन्दा बढी संख्यामा स्वयंसेवक परिचालन गर्न सकिने छैन।

(९) जिल्ला छनोट प्रतियोगिताको लागि प्रत्येक जिल्ला खेलकुद विकास समितिलाई आफ्नो जिल्लाको खेलकुद प्रतियोगिता सञ्चालन गर्न आवश्यक रकम औचित्य र सम्भाव्यताका आधारमा प्रदेश खेलाडी छनोट तथा व्यवस्थापन समितिले निर्णय गर्नेछ।

(१०) उल्लेखित सबै रकममा प्रचलित कानून बमोजिम करकट्टी गरी उपलब्ध गराइनेछ।

## परिच्छेद- ७

## पुरस्कार तथा सम्मान

२२. **पुरस्कार तथा सम्मानः** (१) राष्ट्रिय खेलकुद प्रतियोगितामा बागमती प्रदेशका पदक विजेता खेलाडी र प्रशिक्षकलाई पुरस्कार तथा सम्मान सम्बन्धमा प्रदेश खेलकुद विकास परिषद्को सिफारिसमा प्रदेश सरकारले निर्णय गरेबमोजिम हुनेछ ।

## परिच्छेद-८

## विविध

२३. **सम्पर्क कार्यालय स्थापना गर्न सक्नेः** प्रदेशको छनोट प्रतियोगितालाई सहजीकरण गर्न काठमाण्डौमा एक अस्थायी सम्पर्क कार्यालयको स्थापना गरिनेछ। साथै, राष्ट्रिय खेलकुद प्रतियोगितामा सहजीकरण गर्ने प्रयोजनका लागि कर्णाली प्रदेशको सुर्खेतमा अस्थायी सचिवालय स्थापना गरिनेछ। यस्तो कार्यालय/सचिवालयमा मन्त्रालय वा अन्तर्गत कार्यरत रहेकै कर्मचारी खटाइनेछ ।

२४. **खर्च व्यवस्थापन गर्नेः** राष्ट्रिय खेलकुद प्रतियोगिताको लागि विनियोजित बजेटबाट खर्च व्यवस्थापन गरिनेछ।

२५. **प्रतियोगितामा सहभागी हुन पाउनेः** खेलाडीले अनुसूची-१ बमोजिमको खेलाडी दर्ता फाराम भरी प्रतियोगिता आयोजना गर्ने निकायमा बुझाएपछि मात्र प्रतियोगितामा सहभागी हुन पाउनेछन्।

२६. **शपथ ग्रहणः** प्रतियोगिता सञ्चालन गर्दा खेलाडी तथा निर्णायकको शपथ ग्रहण अनुसूची- २ बमोजिम हुनेछ।

२७. **आचारसंहिताः** छनोट प्रतियोगिता अवधिभर सहभागी खेलाडीले आचरण एवं अनुशासनको पालना गर्नुपर्नेछ। यसरी आचरण एवं अनुशासनमा रहे वा नरहेको हेर्ने जिम्मेवारी सम्बन्धित जिल्लाको टोली नेता, व्यवस्थापक तथा अफिसियलमा रहनेछ। जिल्ला तथा प्रदेश प्रतियोगिताको मर्यादामा



मा. गिर बहादुर तामाङ
मन्त्री

आघात पुग्ने गरी अवाञ्छनीय क्रियाकलापमा संलग्न हुने सहभागीमाथि आयोजक समिति र सम्बन्धित खेल संघले कसूर अनुसारको कारबाही गरी परिषद्लाई जानकारी गराउनु पर्नेछ र तत्सम्बन्धमा परिषद्को निर्णय अन्तिम हुनेछ।

२८. <u>प्रतियोगिताबाट अलग हुन नपाउने:</u> जिल्ला तथा प्रदेश प्रतियोगितामा सहभागी टिम एवं खेलाडी प्रतियोगिता अवधिभर प्रतियोगिताबाट अलग हुन पाउने छैनन्।

तर विशेष कारणवश प्रतियोगिताबाट अलग हुनुपर्ने स्थिति भएमा आयोजकको पूर्व स्वीकृति लिई प्रतियोगिताबाट बाहिरिन सक्नेछन्।

२९. <u>प्रतियोगिता स्थगितको अवस्था:</u> मौसमको गडबडी वा कुनै आकस्मिक घटनाका कारणबाट कुनै प्रतियोगिता वा खेल स्थगित भएमा सो प्रतियोगिता परिषद् तथा सम्बन्धित प्राविधिक उपसमितिसँग सल्लाह गरी आयोजक समितिले निर्धारण गरेको स्थान, समय र मितिमा सञ्चालन गरिनेछ।

३०. <u>बाधा अड्काउ फुकाउने:</u> यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै समस्या परेमा मन्त्रालयले आवश्यकता अनुसार बाधा अड्काउ फुकाउन सक्नेछ।

३१. <u>कार्यविधि संशोधन:</u> यस कार्यविधिको कुनै दफा वा उपदफामा उल्लिखित कुनै प्रावधान संशोधन गर्नु परेमा आर्थिक दायित्व पर्ने विषय भए आर्थिक मामिला तथा योजना मन्त्रालयको राय सहमति लिई र अन्य विषयमा परिषद्को सिफारिसमा मन्त्रालयले गर्नेछ।

मा. गिर बहादुर ...
मन्त्री

अनुसूची-१
(दफा ८ र २५ सँग सम्बन्धित)
प्रदेश खेलकुद विकास परिषद्

**खेलाडी दर्ता फाराम**

...................जिल्ला..............................गा.पा./न.पा.

.............................. प्रतियोगिता-२०८३.

फोटो

खेलाडी दर्ता नं:-.....................................................

दर्ता मिति:-.....................................................

खेलाडीको नाम थर:-..................................................... तह:- ....................

तहगत वर्ष:-........................................... रोल नं:-... ...... .........

तौल समूह:-................................

अध्ययनरत संस्थाको नाम:-..............................................

खेलको नाम:-.........................................

ईभेन्टस्:-.......................................... खेल शुरु गरेको मिति:- .......................

प्रशिक्षक/भोलिन्टियर प्रशिक्षकको नाम:-......................................

प्रशिक्षणस्थल:-.............................

हालसम्म सहभागी प्रतियोगिताको नाम:-

१.........................................................................................................

२.........................................................................................................

३.........................................................................................................

४.........................................................................................................

५.........................................................................................................

लिङ्ग:-.................................. उचाई:-.....................................................

तौल:-..................................................... जन्म मिति:-.....................................................

नागरिकता नं:-.........................................



मा. गिर बहादुर ...
मन्त्री

स्थायी ठेगाना:-गा.पा./न.पा............................................... वडा नं:-....................................

जिल्ला:-.................................................................... प्रदेश:-...................................................

सम्पर्क नम्बर:-...........................................

वावुको नाम:-...................................................... आमाको नाम:-......................................

पेशा:-.................................................................

प्रदेश खेलकुद विकास ऐन, २०७५, प्रदेश खेलकुद विकास नियमावली, २०७६ तथा परिषद्को नीति तथा निर्देशनलाई पूर्ण रुपमा पालना गर्दै म सहभागी हुने जुनसुकै प्रशिक्षण तथा प्रतियोगितामा खेलकुदको उच्च आदर्श अनुरुप अनुशासित भई खेल खेल्ने प्रतिज्ञा गर्दछु। खेलकुदको मर्म र आदर्श प्रतिकूल हुने गरी मैले कुनै पनि क्रियाकलाप गरेमा परिषद्ले तोकेको दण्ड/सजाय एवं कारवाही भोग्न मन्जुर छु। प्रशिक्षण तथा प्रतियोगिताको समयमा कुनै दुर्घटना भएमा म स्वयं जिम्मेवार हुनेछु। माथि लेखिएको सम्पूर्ण व्यहोरा ठीक साँचो हो। झुट्टा ठहरिएमा नियम कानून बमोजिम सहुँला, बुझाउँला।

खेलाडीको दस्तखत:-...........................

प्रमाणित गर्ने सम्बन्धित निकायका अधिकारीको

नाम:-.........................................................................

पद:-..........................................................................

दस्तखत:-..................................................................

मिति:-.................................................................... सम्बन्धित निकायको छाप

**अनुसूची- २**

(दफा २६ सँग सम्बन्धित)

प्रदेश खेलकुद विकास परिषद्

**<u>खेलाडी तथा निर्णायकका लागि शपथको व्यहोरा</u>**

(क) खेलाडीका लागि:

म ............................................................ सम्पूर्ण खेलाडीको तर्फबाट यस ---------------------- खेलका सम्पूर्ण नियमको पालना तथा आदर गर्दै खेलकुदको उच्च आदर्श र मर्यादा कायम राख्दै खेल खेल्ने प्रतिज्ञा गर्दछु।

खेलाडीको नाम थर:-.............................

ठेगाना:-.............................

सम्पर्क नं. :- .............................

दस्तखत:-..................................

मिति:-.............................

(ख) निर्णायकका लागि:

म............................................................ सम्पूर्ण निर्णायकको तर्फबाट यस --------------- खेलका सम्पूर्ण नियम पालना गर्दै खेलकुदको उच्च आदर्श र मर्यादा अनुरुप खेलहरु निष्पक्ष रुपमा खेलाउने प्रतिज्ञा गर्दछु।

निर्णायकको नाम थर:-.............................

ठेगाना:-.............................

सम्पर्क नं. :- .............................

दस्तखत:-..................................

मिति:-.............................